# ढकारी गाउँपालिका

# आर्थिक ऐन,२०८०

**ढकारी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

ढकारी, अछाम सुदुरपश्चिम प्रदेश, नेपाल

# स्थानीय तहको आर्थिक ऐन-२०७९

## ढकारी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः**

ढकारी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ढकारी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि ढकारी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :**गाउँपालिका क्षेत्रभित्र **अनुसुची १** वमोजिम एकीकृत/सम्पत्तीकर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमी कर (मालपोत ):** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गको उपभोगका आधारमा अनुसुची २ वमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घरजग्गा वहाल करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो वहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः**गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

८. **विज्ञापन करः**गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

९. **मनोरन्जन करः**गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

१०. **बहाल बिटौरी शुल्कः**गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गा मा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः**गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफटिङ्ग शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः**गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनप्रवेश शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वयिक सम्पदा उपयोग गरे बापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **कर छुट/तथा जरिवानाः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसूची १४ बमोजिम कर छुट दिईने छ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँकार्यपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूचि -१

दफा २ सँग सम्बन्धित

**सम्पति कर**

| क्र.सं | आ.ब. | मूल्य देखि | मूल्य सम्म | कर रू | कैफियत |
|---|---|---|---|---|---|
| 1 | 2080/081 | 1 रुपैया | 5 लाख | **50.0000** | **एकमुष्ट** |
| 2 | 2080/081 | 5 लाख 1 रुपैया | 20 लाख | **10.0000** | **प्रति लाख** |
| 3 | 2080/081 | 20 लाख 1 रुपैया | 50 लाख | **20.0000** | **प्रतिलाख** |
| 4 | 2080/081 | 50 लाख 1 रुपैया | 1 करोड | **25.0000** | **प्रतिलाख** |
| 5 | 2080/081 | 1 करोड 1 रुपैया | 2 करोड | **30.0000** | **प्रतिलाख** |
| 6 | 2080/081 | 2 करोड 1 रुपैया | 5 करोड | **35.0000** | **प्रतिलाख** |
| 7 | 2080/081 | 5 करोड 1 रुपैया | 99 अरब 99 करोड 99 लाख 99 हजार 9 सय 99 रुपैया | **40.0000** | **प्रतिलाख** |

## अनुसूचि -२

दफा ३ सँग सम्बन्धित

**भूमि/मालपोत कर**

| सि.नं | विवरण | आ.व. २०८०/८१ | कैफियत |
|---|---|---|---|
| १ | मालपोत कर प्रतिरोपनी | ७ | सम्पती कर उठाइएकोले मालपोत उठाउने। तर सम्पति कर लागु हुनु भन्दा अगाडिको बक्यौता भए हाल कायम भएको दररेट लगाउने । |

## अनुसुचि -३

दफा ४ सँग सम्बन्धित

**घर जग्गा वहाल कर**

| सि.नं | विवरण | आ.व. २०८०/८१ | कैफियत |
|---|---|---|---|
| १ | घर वहाल कर (आम्दानीको) | १० प्रतिशत | |

## अनुसुचि -४

दफा ५ सँग सम्बन्धित

## व्यवसायिक कर वार्षिक

| सि.नं. | विवरण | आ.व. २०८०/८१ | कैफियत |
|---|---|---|---|
| १. | चिया नास्ता साना किराना सामान्य कष्मेटिक पसल | १००० | |
| २. | रेष्टुरेण्ट लज एण्ड होटल | ५००० | |
| ३. | सामान्य होटल | २५०० | |
| ४. | मासु पसल | २००० | |
| ५. | मदिरा डिलर | ८००० | |
| ६. | मदिरा खुद्रा | ३५०० | |
| ७. | किराना पसल खुद्रा | १००० | |
| ८. | किराना पसल थोक | ३००० | |
| ९. | तयारी पोशाकपसल | २००० | |
| १०. | काचो कपडा पसल | २००० | |
| ११. | तयारी पोशाक/काचो कपडा पसल/फेन्सी पसल | ३००० | |
| १२. | स्टेशनरी तथाखेलकूद सामग्री पसल | २५०० | |
| १३. | ब्यूटीपार्लर | १००० | |
| १४. | हेयर कटिङ्गसेण्टर | १००० | |
| १५. | भाडा पसल | २५०० | |
| १६. | हार्ड वेयर पसल | ८००० | |
| १७. | मोटरसाइकल वर्कसप | ५००० | |
| १८. | सामान्य औषधीपसल | २००० | |
| १९. | ल्याव एक्सरेसहितको मेडिकल | ३००० | |
| २०. | सुनचाँदी पसलसानो (२ लाख भन्दा कम पुँजी भएको) | ३००० | |
| २१. | सुनचाँदी पसल ठूलो (२ लाख भन्दा बढी पुँजी भएको) | ४००० | |
| २२. | गल्ला खरिद पसल (( धान, मकै, गहुँ, कोदो, भटमास, दलहन, तेलहनबाली,नगदे बाली ) | १००० | |
| २३. | सिलाइ सेन्टर लेडिज मात्र | ७०० | |
| २४. | सिलाइ सेन्टर लेडिज तथा जेन्स सवै | २००० | |
| २५. | निर्माणव्यवसायिक कर क वर्ग | ३०००० | |
| २६. | निर्माणव्यवसायिक कर ख वर्ग | २५००० | |
| २७. | निर्माणव्यवसायिक कर ग वर्ग | २०००० | |
| २८. | निर्माणव्यवसायिक कर घ वर्ग | १०००० | |
| २९. | फर्निचरउद्योग/व्यवसाय भ्याट दर्ता | १०००० | |
| ३०. | फर्निचर उद्योग/व्यवसाय PAN नम्बर भएको सामान्य | ५००० | |
| ३१. | चिरानी हाते आराले | १५०० | |
| ३२. | मेसिन चिरानी | ५००० | |
| ३३. | खाद्य उद्योग पाउरोटी,चाउमिन चाउँचाउँ | १५०० | |
| ३४. | लघु जलविद्युत प्रतिकिलो वाट | ३०० | |
| ३५. | कुटानी पिसानीपेलानी मिल | २००० | |
| ३६. | क्रसर उद्योग | ३०००० | |
| ३७. | अन्य उद्योग (२० लाख माथी पुँजि) | १५००० | |
| ३८. | ट्याक्टर पटके | १००० | |
| ३९. | इट्टा टायलउद्योग | ७००० | |
| ४०. | नदिका माछा मार्ने/बेच्ने पसल | १००० | |
| ४१. | गिट्टी वालुवाप्रति ट्राली | ११०० | |
| ४२. | सिलेट पत्थर निकासी प्रति गोटा | २ | |
| ४३. | क्लव,आमा समूह बाल समूह,नविकरण | २०० | |
| ४४. | पशु व्यवसाय फर्म दर्ता | ५०० | |
| ४५. | पशु व्यवसाय प्रतिगोटा | ५० | |
| ४६. | खसि बोका निकासि बार्षिक (व्यवसायिक रुपमा) | १०००० | |
| ४७. | खसी, बोका, बाख्रा खरिद निकासि (प्रति गोटा) | ५० | |

| | | | |
|---|---|---|---|
| ४८. | टपरी उद्योग/ अचार/ दालमोठ/चिप्स | ५०० | |
| ४९. | भैसी खरिद विक्री (व्यवसाय दर्ता (खरिद प्रति गोटा) | १०० | |
| ५०. | मोबाइल घुम्ती पसल (दैनिक/मासिक) | १००० | |
| ५१. | मोबाइल, घडी, अन्य विद्युतीय सामग्री विक्री घुम्ती दैनिक/मासिक | १००० | |
| ५२. | मोबाइल, घडी, अन्य विद्युतीय सामग्री विक्री घुम्ती बार्षिक | ५००० | |
| ५३. | ग्याँस, कुकर/ खेलौना बेच्ने/मर्मत घुम्ती दैनिक/मासिक | ५०० | |
| ५४. | ग्याँस, कुकर/ खेलौना बेच्ने/मर्मत घुम्ती वार्षिक | २००० | |
| ५५. | मुढा/डोको/ काठका भाडा घुम्ती पसल वार्षिक | ५०० | |
| ५६. | ट्युसन सेन्टर | ५००० | |
| ५७. | मोवाइल पसल (मर्मत, विक्रि) | २००० | |
| ५८. | घडी रेडियो पसल (मर्मत, विक्रि) | १५०० | |
| ५९. | विद्युतीय सामान विक्री पसल (इलेक्ट्रोनिक्स) | २००० | |
| ६०. | कम्प्युटर इन्सिच्युट | ५००० | |
| ६१. | फोटोकपी प्रिन्ट | १००० | |
| ६२. | अपसेट प्रेस ,मुद्रण | ५००० | |
| ६३. | स:मिल काठचिरानी | ४५०० | |
| ६४. | **विशेष परामर्शतथा अन्य व्यवसायिक सेवा** | | |
| ६५. | चिकित्सक | १५०० | |
| ६६. | कविराज बैद्य | १५०० | |
| ६७. | इन्जिनियर | १५०० | |
| ६८. | कानुनव्यवसायि | १५०० | |
| ६९. | लेखा परीक्षक | २००० | |
| ७०. | दन्तचिकीत्सक | १५०० | |
| ७१. | अनुसन्धानकर्ता र परामर्श दाता | १००० | |
| ७२. | पशुचिकित्सक | १००० | |
| ७३. | विमाएजेण्ट | १००० | |
| ७४. | घर नक्साडिजाइन गर्ने कन्सलटेन्सी | ५००० | |
| ७५. | फोटोग्राफी/भिडियो रेकडर | २००० | |
| ७६. | एफएम रेडियो स्टेशन | ५००० | |
| ७७. | **सवारी साधनप्रवेश शुल्क(पट्के)** | | |
| ७८. | बस | १०० | |
| ७९. | टिप्पर/ट्रक | १०० | |
| ८०. | ट्रयाक्टर | १०० | |
| ८१. | जीप | १०० | |
| ८२. | कुखुरापालन ५०० सम्मव्यवसाय दर्ता | ५०० | |
| ८३. | कुखुरापालन५०१-१००० सम्म | १००० | |
| ८४. | बाख्रापालनव्यवसाय दर्ता भएका ५० सम्म | १००० | |
| ८५. | बाख्रापालनव्यवसाय दर्ता भएका ५० देखि माथि | १५०० | |
| ८६. | फलफुल/तरकारी पसल खुद्रा | ५०० | |
| ८७. | फलफुल/तरकारी पसल थोक | २००० | |
| ८८. | रिटेल पसल ट्याक्टर/जीप बाट बेच्ने) | ५००० | |
| ८९. | सिरक डसना बनाउने बार्षिक | २००० | |
| ९०. | कृषी फर्म | ५०० | |
| ९१. | होजीयारी हाते | ५०० | |
| ९२. | मेसिन होजीयारी | १००० | |
| ९३. | Handcaraft | ५०० | |
| ९४. | डोको बजार मासिक | ५०० | |
| ९५. | आरन/आफर | ५०० | |
| ९६. | घट्ट | ५०० | |
| ९७. | विभिन्न प्रकारका जडिबुटिको कारोबार गर्ने | १००० | |
| ९८. | पुजा सामाग्रि पसल | १००० | |
| ९९. | डेयरी (दुध तथा दुग्ध जन्य पदार्थको खुद्रा कारोवार गर्ने) | १००० | |

माथि उल्लेखित व्यावसाय बाहेकका विभिन्न सप्लायर्स तथा निर्माण सेवाको नाममा दर्ता भइ सकेका वा नयाँ दर्ता हुने कम्तिमा पाँचवटा सम्म कारोबार गर्ने व्यवसायको हकमा एकमुष्ट १५०००/- र पाँच भन्दा बढी प्रकारको कारोबार गर्ने व्यवसायको हकमा एकमुष्ट २००००/- दर्ता शुल्क बाफत लिने र वार्षिक नविकरण गर्दा दर्ता शुल्कको ५०% रकम लिइ नविकरण गर्ने ।

## अनुसूची ५

दफा ६ सँग सम्बन्धित

**जडिबुटी, कवाडी जिवजन्तु कर**

ऊन, जडिबुटी, वनकस, कवाडी माल, जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाख, छाला, जस्ता वस्तुको व्यवसाय कारोबार गरे वापत प्रति एकाई प्रति पटक रु.२०।- जडिबुटी, र जिवजन्तु कर लाग्ने । कवाडी मालसामानको हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

क) कागज जन्य सामानको लागि प्रति किलोग्राम रु.२।-

ख) फलामजन्य सामानको लागि प्रति किलोग्राम रु.२।-

ग) स्टीलजन्य सामानको लागि प्रति किलोग्राम रु. २।-

घ) खाली बोतल, शिशि तथा अन्यका हकमा प्रति प्रति गाडि रु.१००

**जडिबुटिको हकमा देहाय बमोजिम हुनेछ ।**

| क्र.स. | जडिबुटी | यस गा.पा.उत्पादन हुने प्रतिकेजी | वाहिर बाट निकासीको लागि आउने प्रतिकेजी | कैफियत |
|---|---|---|---|---|
| १. | कटुकी प्रति केजी | 15 | 2 | |
| २. | अतिस | 20 | 2 | |
| ३. | जटामसि | 10 | 2 | |
| ४. | चिराइतो | 20 | 2 | |
| ५. | कालादाना | 10 | 2 | |
| ६. | भूतकेश | 5 | 2 | |
| ७. | गुच्ची च्याउ | 500 | 20 | |
| ८. | सिलाजित | 10 | 2 | |
| ९. | काँकडशिलो | 10 | 2 | |
| १०. | भोजपत्र | 5 | 2 | |
| ११. | सुगन्धवाल | 5 | 2 | |
| १२. | सुनपाते | 5 | 2 | |
| १३. | विषजरा | 10 | 2 | |
| १४. | पोडे | 20 | 2 | |
| १५. | यार्सागुम्वा | 0 | 50 | |
| १६. | पदमचाल | 5 | 2 | |
| १७. | पाँच औले | 25 | 5 | |
| १८. | घोडामर्चा | 5 | 2 | |
| १९. | सतुवा | 50 | 2 | |
| २०. | डालेचुक | 10 | 2 | |
| २१. | धुपजडी | 10 | 2 | |
| २२. | लौठसल्ला | 10 | 2 | |

| | | | | |
|---|---|---|---|---|
| २३. | रातो च्याउ | 20 | 2 | |
| २४. | काठकोफुरु प्रति गोटा | 10 | 2 | |
| २५. | धुपीसल्ला | 2 | 2 | |
| २६. | टिमुर | 10 | 2 | |
| २७. | दालचिनी/तेजपत्ता | 105 | 2 | |
| २८. | सभय | 10 | 2 | |
| २९. | जन्तीफूल | 10 | 2 | |
| ३०. | चापीनु | 10 | 2 | |

## अनुसूची ६

दफा ७ सँग सम्बन्धित

**सवारी कर**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा सम्बन्धित प्रदेशले असुल गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

## अनुसूची ७

दफा ८ सँग सम्बन्धित

**विज्ञापन कर**

**क) विज्ञापन कर निम्नानुसार हुने :**

१) भवनको झ्याल, ढोका छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाईने छैन ।

२) सार्वजनिक बाटो, सँधियारको सिमाना, सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाईने छैन ।

३) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएको जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनकुनै तस्विर वा अक्षरको विज्ञापन कर छुट नहुने ।

४) भवन, जमीन, व्यापारिक वा व्यवसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनकुनै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट नहुने ।

५) सूर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित तथा ढकारी गाउँपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाईने छैन ।

**ख) विज्ञापनको करको दर :**

१) होडिङ्ग बोर्ड १० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु.२०।

२) होडिङ्ग बोर्ड २० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु.३०।-

३) भित्तेलेखन प्रति स्क्वायर फिट रु.१५।-

४) विद्यूत वा टेलिफोनका पोलमा राखिएका प्रति बोर्डमा रु.२५०।

५) फ्लेक्सबाट तयार गरिएको ब्यानरमा १० स्क्वायर फिट सम्मलाई रु.४००।सो भन्दा माथीको लागि रु.६००। ६) अस्थायी रुपमा पोलमा लगाइएका ब्यानर प्रति दिन रु.१०।-

७) अस्थायी रुपमा सडक वारपार गरी लगाइएका ब्यानर प्रतिदिन रु.२०।- यस्तो ब्यानर बढीमा पन्ध्र दिनका लागि मात्र लगाउन पाईनेछ त्यसपछि उक्त ब्यानर सम्बन्धित संस्था वा व्यक्ति उठाई लैजानु पर्नेछ ।

८) मालवाहक सवारी साधनको दायाँवायाँ पट्टीको भागमा अधिकतम् दश स्क्वायर फुट सम्मको लागि प्रतिदिन रु.५०।- र अस्थायी रुपमा लेखिएको वा छापिएको पर्चा सामाग्रीको लागि प्रति वर्ष प्रति वर्ग फुट रु.२५।- ।

९) खेलकुद मैदान, मेला, जात्रा पर्व र यस्तै प्रकृतीका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम् बिस स्क्वायर फुट सम्मको प्रति दिन रु.५०।-

१०) अन्यको हकमा प्रति वर्ग फुट प्रति बर्ष रु.१००।-

## अनुसूची ८

दफा ९ सँग सम्बन्धित

### मनोरन्जन कर

१ . मेला जात्रा तथा महोत्सव शुल्क रु . १०००/- (आयोजकले तिर्ने )
२ . तीन महिना भन्दा वढी जादु सर्कस मेला वा मनोरञ्जन प्रदायिक कार्यक्रम सञ्चालन गरे वापत मासिक रु.१५००-/

## अनुसूची ९

दफा १० सँग सम्बन्धित

### बहाल विटौरी शुल्क

| | |
|---|---|
| **१. बहाल विटौरी शुल्क** | **टहरो छाप्रोको मासिक- ५०/-** |
| | **घुम्तीको मासिक- ५०/-** |
| | **ठेला मासिक- ५०/-** |
| | **हाटबजार वार्षिक ठेक्का-** |

## अनुसूची १०

दफा ११ सँग सम्बन्धित

### पाकिङ्ग शुल्क

क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी कुनै पनि सडकको कुल चौडाईको पच्चीस प्रतिशत भन्दा बढी भाग नओगटीने गरी भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफै वा नीजि क्षेत्रबाट सवारी पार्किङ्ग व्यवस्था गर्न सकिने ।
यस सम्बन्धि पार्किङ्ग शुल्क लिने व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

| | | | |
|---|---|---|---|
| १ | बस, ट्रक, टयाक्टर प्रति दिन | १०० | |

## अनुसूची ११

दफा १२ सँग सम्बन्धित

### ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग, बन्जी जम्पीङ्ग, जिपफ्यार र ऱ्याफ्टीङ्ग शुल्क

यस सम्बन्धि व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

# अनुसूची १२

दफा १३ सँग सम्बन्धित

## सेवाशुल्क दस्तुर

### ढकारी गाउँपालिका कार्यालय, अछाम

| सि.नं. | विवरण | चालू आ.व. २०८०/८१ | कैफियत |
|---|---|---|---|
| १. | निवेदन दस्तूर | रु१० टिकट . | |
| २. | **शिफारिस दस्तुर** | १०० | |
| ३. | अग्रेजीमा गरिने सबै शिफारिस | २०० | |
| ४. | **नेपालीमा गरिने निम्नानुसारका शिफारिसहरुको दस्तूर** | | |
| ५. | नागरिकता शिफारिस | १०० | |
| ६. | नागरिकता प्रतिलिपि शिफारिस | १०० | |
| ७. | नाता प्रमाणित | १०० | |
| ८. | नाता कायम | १०० | |
| ९. | पारिवारिक विवरण | १०० | |
| १०. | बसोवास प्रमाणित | १०० | |
| ११. | नाबालक शिफारिस | १०० | |
| १२. | जन्म मिति प्रमाणित | १०० | |
| १३. | वैवाहिक सम्बन्ध प्रमाणित | १०० | |
| १४. | अविवाहित प्रमाणित | १०० | |
| १५. | व्यक्तिगत प्रमाणित | १०० | |
| १६. | चारित्रिक प्रमाणित | १०० | |
| १७. | सम्बन्ध विच्छेद प्रमाणित | १०० | |
| १८. | कक्षा ८ ग्रेडसिट प्रतिलिपि प्रथम पटक | १०० | |
| १९. | कक्षा ८ ग्रेडसिट प्रतिलिपि दोस्रो पटक देखी | ५०० | |
| २०. | IEMIS विलम्ब शुल्क | ५०० | |
| २१. | व्यवसाय बन्द तथा नाम परिवर्तन शुल्क | ५०० | |
| २२. | वडा सरजमिन | १०० | |
| २३. | वडा सिफारिस | १०० | |
| २४. | होटल दर्ताको सिफारिस | १०० | |
| २५. | पटके सिफारिस | ३०० | |
| २६. | पटके सिफारिस दोहोरो प्रतिलिपी | ५०० | |
| २७. | माथि उल्लेखित शिर्षकमा नपरेका सिफारिसहरु | १५० | |
| २८. | पहिलो कित्ता □ १ रोपनी | १०० | |
| २९. | पहिलो कित्ता पछि थप प्रति रोपनी | २५ | |
| ३०. | टेसा नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | २०० | |
| ३१. | टेसा नक्सा प्रमाणित ,प्रति कित्ता | १०० | |
| ३२. | उजूरी निवेदन दस्तूर | १०० | |
| ३३. | मिलापत्र दस्तुर | १००० | |
| ३४. | जग्गा दर्ता वा नामसारी शिफारिस प्रति रोपनी | १०० | |

| | | | |
|---|---|---|---|
| ३५. | राजिनामा, बकसपत्र शिफारिस | ५०० | |
| ३६. | घरबाटो शिफारिस एक कित्ता | २०० | |
| ३७. | घरबाटो शिफारिस थप प्रति कित्ता | १०० | |
| ३८. | अमिन खटन दस्तुर | ३००० | |
| ३९. | घर नक्सा नामसारी | ५०० | |
| ४०. | घर जग्गा मूल्याकन एक लाख सम्मको | ५०० | |
| ४१. | थप प्रति लाखको | २०० | |
| ४२. | नक्सापास फारम दस्तुर | ५०० | |
| ४३. | आय स्रोत प्रमाणित प्रति लाख | १५० | |
| ४४. | निजि विद्यालय अपग्रेड | ६०० | |
| ४५. | आधारभूत तह | १००० | |
| ४६. | माध्यमिक | १५०० | |
| ४७. | चौपाय निकासी दस्तुर वार्षिक (भैसी,राँगा) | २५००० | |
| ४८. | विभिन्न समुह, संघ, सस्था, क्लब, इन्सिच्युट आदि दर्ता शिफारिस | ५०० | |
| ४९. | व्यक्तिगत घटना दर्ता तथा प्रतिलिपि | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले तोके बमोजिम | |
| ५०. | संस्था व्यवसाय नविकरण प्रति लाख | २०० | |
| ५१. | नाम,थर जन्ममिति संशोधित सिफारिस | १०० | |
| ५२. | ब्यबसाय दर्ता रु.५००००० सम्म | ५०० | |
| ५३. | ब्यबसाय दर्ता रु.५००००० सम्म माथि | १००० | |
| ५४. | पिछडिएको क्षेत्र सिफारिश दस्तूर | १०० | |
| ५५. | खाता संचालन सिफारिश दस्तुर | ३०० | |
| ५६. | खाता बन्द सिफारिस दस्तूर | ५०० | |
| ५७. | वजेटका आधारमा अन्य कार्यालयको योजना सिफारिस ,सघ सस्था | प्रतियोजना ३०० | |
| ५८. | घर खाली गराउदा प्रति दिन प्रतिकोठा | ६५ | |
| ५९. | सामाजिक सुरक्षा भत्ता परिचयपत्र प्रतिलिपि | १०० | |
| ६०. | फर्निचर/काष्ट उद्योग सिफारिस | १०० | |
| ६१. | मुहान दर्ता दस्तुर | १५०० | |
| ६२. | मुहान दर्ता नविकरण | ५०० | |
| ६३. | नक्सा पास (भुइ तला) | १० प्रति वर्ग फुट | |
| ६४. | नक्सा पास (माथिल्लो तला) | ५ प्रति वर्ग फुट | |
| ६५. | काठ निकासि सिफारिस | १०००० | |
| ६६. | माछा मार्ने अनुमती खोला | १०० | |
| ६७. | ढुँगा निकासीअनुमती पत्र (प्रति घ.मि.) | १५० | |
| ६८. | गैर सरकारीसंस्था दर्ता सिफारिस | ३००० | |
| ६९. | अन्तराष्ट्रियगैर सरकारी संस्था दर्ता सिफारिस | ७००० | |
| ७०. | विद्युत जडानकालागि सिफारिस | २०० | |
| ७१. | रोहवरमा वसी कामकाज गरेको न्युनतम(मुचुल्का) | ३०० | |
| ७२. | टेलिफोन नेटवर्कटावर अनुमति/ सिफारिस | ८००० | |
| ७३. | बोडिङ्ग स्कूलअनुमति/ सिफारिस | १०००० | |
| ७४. | वोडिङ्ग स्कूलकक्षा वृद्दिसिफारिस | ५००० | |
| ७५. | बोडिङ्ग स्कूलठाउँसारी सिफारिस | २५०० | |
| ७६. | बोडिङ्ग स्कूलआधारभूत अनुमति | ५००० | |
| ७७. | बोडिङ्ग स्कूलमाध्यमिक तह अनुमति | १०००० | |
| ७८. | लघुवित्त कम्पनी दर्ता | ५००० | |

| | | | |
|---|---|---|---|
| ७९. | सहकारी संस्था दर्ता अनुमती | १००० | |
| ८०. | बैंक तथा वित्तीय संस्था क बर्ग दर्ता अनुमती | १५००० | |
| ८१. | बैंक तथावित्तीय संस्था ख बर्ग | १०००० | |
| ८२. | बैंक तथावित्तीय संस्था ग बर्ग | ८००० | |
| ८३. | बैंक तथावित्तीय संस्था घ बर्ग | ८००० | |
| ८४. | घरजग्गा कारोवार प्रति आना सिफारिस | १०० | |
| ८५. | पेट्रोल डिजेल ड्रममा विक्री गर्ने सिफारिस | २००० | |
| ८६. | पशु सेवा नाम दर्ता शुल्क | २५ | |
| ८७. | गाडी/जीप/ट्र्याक्टर सुचिकृत | १५०० | |

## अनुसूची १३

दफा १४ सँग सम्बन्धित

## पर्यटन प्रवेश शुल्क

- प्रति पर्यटक एक पटकको लागी रु १००, सो को म्याद १५ दिनको लागी हुनेछ ।

## अनुसूची १४

दफा १५ सँग सम्बन्धित

## कर छुट तथा जरिवाना सम्बन्धि व्यवस्था

- व्यवसाय करको हकमा चालु आर्थिक वर्षको कार्तिक मसान्त भित्रमा व्यवसाय नविकरण गरेमा कुल रकमको १०% छुट प्रदान गरिने छ। चालु आ.व भन्दा एक वर्ष पहिले देखि व्यवसाय कर नतिर्ने करदाता लाइ १०% विलम्ब शुल्क लाग्ने छ, २ वर्ष भन्दा भन्दा पहिले तथा ४ वर्ष देखिको व्यवसाय कर तिर्न बाँकि करदाता लाइ वार्षिक २०% का दरले विलम्ब शुल्क लाग्ने छ । ५ वर्ष वा सो भन्दा पहिले देखि व्यवसाय कर नतिर्ने करदातालाई वार्षिक ५०% का दरले विलम्भ शुल्क लाग्ने छ ।
- सम्पति करको हकमा चालु आ.व.को कार्तिक मसान्त सम्म कर दाखिला गर्न आएमा  कुल रकमको ५% छुट प्रदान गरिने । चालु आ.व भन्दा एक वर्ष पहिले देखि सम्पति कर नतिर्ने करदाता लाइ १०% विलम्ब शुल्क लाग्ने छ, २ वर्ष भन्दा पहिले तथा ४ वर्ष देखिको कर तिर्न बाँकि करदाता लाइ वार्षिक २०% का दरले विलम्ब शुल्क लाग्ने छ । ५ वर्ष वा सो भन्दा पहिले देखि सम्पति कर नतिर्ने करदातालाई वार्षिक ५०% का दरले विलम्भ शुल्क लाग्ने छ ।

**<u>अन्य राजश्व</u>**

- न्यायिक दण्ड जरिवाना – प्राप्त दण्ड शुल्कको १० %
- फर्म , कन्सलटेन्सि (सुचिकृत)- रु १०००
- गाउँपालिकाको सभा हल भाडा –रु ५०० प्रति दिन